समृद्ध खाँदबारी नगर'

# खाँदबारी नगरपालिका

खाँदबारी, सङ्खुवासभा, कोशी प्रदेश, नेपाल ।

## नगरकार्यपालिकाको बैठक

बैठक मिति: २०८१/०४/२२ बैठक संख्या: ५१

बैठक प्रारम्भ समय: दिनको ११:०० बजे बैठक समापन समय: बजे

**आजको नगरकार्यपालिकाको बैठकको कार्यसूचीका आधारमा देहाय अनुसार निर्णयहरु सर्वसम्मत रुपमा पारित गरेको छ ।**

**निर्णयहरु**

१. खाँदबारी नगरपालिकाको ढुङ्गा, गिट्टी, वालुवा उत्खननसम्बन्धी प्रारम्भिक वातावरणीय परीक्षण तयार गर्ने कार्यको लागि कार्यक्षेत्रगत शर्त (TOR) पूर्वाधार विकास शाखाबाट पेश भएबमोजिम स्वीकृत गरी कार्य अगाडी बढाउन नगरकार्यपालिकाको कार्यालयलाई निर्देशन दिने ।

२. खाँदबारी नगरपालिकाको ढुङ्गा, गिट्टी, वालुवा उत्खनन् तथा निकासी गर्ने समय समेत बन्द भएको अवस्थामा हुने गरेको चोरी निकासी नियन्त्रणको लागि प्रहरी प्रशासन समेतको सहयोगमा चोरी निकासी नियन्त्रण गर्ने र प्रहरीमार्फत भएको चोरी निकासी नियन्त्रणसम्बन्धी कार्यको जरिवाना असूल हुँदा जरिवाना वापत् असूल भएको रकमको २५ प्रतिशत रकम प्रहरी कार्यालयलाई उपलब्ध गराउने तथा चोरी निकासी नियन्त्रण सम्बन्धमा देहायबमोजिम व्यवस्था गर्ने ।

**देहाय:**

क) चोरी निकासीको जरिवाना कायम गर्दा तोकिएको निकासी दस्तुरलाई विगो मानी विगोको दुई गुणा जरिवाना सहित असूल गर्ने ।

ख) नगरक्षेत्र बाहिरबाट विभिन्न तरिकाले ल्याएर नगरभित्र व्यक्तिको निजी जग्गामा भण्डारण गरिएको वालुवा, ढुङ्गाको लागि अघिल्लो आ. व. मा नियमानुसार निकासी दस्तुर तिरेको प्रमाण पेश भएमा सोही अनुसारको कर लिई अन्यथा कुनैपनि श्रोत नखुलेमा उत्खनन्/निकासी गरे सरहको कर लिई एक पटकको लागि भण्डारण गरिएको परिमाणको मात्र स्टक प्रमाणित गरिदिने ।

३. खाँदबारी नगरपालिकाको स्वीकृत संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन अनुसार करार कर्मचारी व्यवस्थापन सम्बन्धमा मिति २०८१/०३/३० को कार्यपालिका बैठकबाट गठित कार्यदल/समितिमा नगरपालिकाको आर्थिक प्रशासन शाखा प्रमुखलाई सदस्य थप गरी ७ दिनभित्र प्रतिवेदन उपलब्ध गराउन निर्देशन दिने ।

४. खाँदबारी नगरपालिकाको आ. व. २०८१/८२ को लागि प्राप्त बजेट तथा कार्यक्रमको आधारमा देहायबमोजिम कर्मचारीहरु नियमानुसार करारमा पदपुर्ति गर्न नगरकार्यपालिकाको कार्यालयलाई निर्देशन दिने ।

**देहाय:**

क) आप्रवासन स्रोत सूचना तथा परामर्श सहजकर्ता

खाँदबारी नगरपालिका, नगरकार्यपालिकाको निर्णय वा आदेश र अधिकारको प्रमाणीकरण (कार्यविधि) नियमावली २०७४, नियम ४ बमोजिम कार्यपालिका बैठकको निर्णय प्रमाणित

दीपकमणि घिमिरे
प्रमुख प्रशासकीय अधिकृत

ख) कृषि स्नातक

ग) भेटेरीनरी स्नातक (पशु चिकित्सक)

घ) सूचना प्रविधि अधिकृत

ङ) अ. न. मी. (सित्तलपाटी स्वास्थ्य चौकीमा बर्थिङ सेन्टरको लागि)

५. खाँदबारी नगरपालिकाको आ. व. २०८१/८२ को लागि नगरक्षेत्र बाहिरबाट प्रवेश गर्ने सवारीसाधनहरुलाई सरसफाई शुल्क संकलन गर्ने सम्बन्धमा खाँदबारी नगरपालिका वडा नं. ९ बस्ने श्री भोलामान खत्रीलाई कार्यपालिका बैठकबाट कायम गरिएको दस्तुर एकमुष्ठ रुपमा जम्मा गरी सरसफाई शुल्क संकलन गर्न दिनेसम्बन्धी नगरप्रमुखस्तरको निर्णयलाई अनुमोदन गर्ने तथा गत आ. व. मा आन्तरिक आयतर्फ बक्यौता रहेको रकम असूलीको लागि देहायबमोजिम पत्राचार गर्ने ।

**<u>देहायः</u>**

क) गत आ. व. को नगरक्षेत्र बाहिरबाट प्रवेश गर्ने सवारीसाधनहरुलाई सरसफाई शुल्क संकलन गर्ने सम्बन्धमा खाँदबारी नगरपालिका वडा नं. १ बस्ने श्री अर्जुन कुमार न्यौपानेसँग बाँकी रहेको रकम रु. छ लाख असूलीको लागि ताकेतापत्र पठाउने तथा बक्यौता असूल नभएसम्म नगरपालिका/वडा कार्यालयमार्फत निजको नाममा हुने सेवाप्रवाह रोक्का राख्ने सम्बन्धमा प्रचलित कानुनी व्यवस्थाबमोजिमको प्रकृया अगाडी बढाउने ।

ख) खाँदबारी नगरपालिका वडा नं. १ स्थित पोखरीमा रहेको आयमूलक भवन भाडामा लगाउने सम्बन्धमा गत बर्षको खाँदबारी नगरपालिका वडा नं. १ निवासी श्री विक्रमरत्न शाक्यसँग बाँकी रहेको रकम रु.१,४८,५००।- असूलीको लागि ताकेतापत्र पठाउने तथा बक्यौता असूल नभएसम्म नगरपालिका/वडा कार्यालयमार्फत निजको नाममा हुने सेवाप्रवाह रोक्का राख्ने सम्बन्धमा प्रचलित कानुनी व्यवस्थाबमोजिमको प्रकृया अगाडी बढाउने र ७ दिनभित्र बक्यौतासहित सम्झौता गर्न नआएमा घर खाली गर्न पत्राचार गर्ने ।

६. खाँदबारी नगरपालिका वडा नं. २ स्थित श्री जनता आधारभूत विद्यालय, आरुबोटेलाई सोही वडामा रहेको श्री जालपा माध्यमिक विद्यालय, चेवामा समायोजन गर्न दुबै विद्यालयको निर्णय, नगर शिक्षा समितिको सिफारिससहित पेश भई आएकोले **सार्वजनिक विद्यालय समायोजन एवं एकीकरण कार्यक्रम कार्यान्वयन कार्यविधि,** २०७७ को परिच्छेद ४ को नियम ७ (घ) ८ अनुसार श्री जनता आधारभूत विद्यालय, आरुबोटेलाई श्री जालपा माध्यमिक विद्यालय, खाँदबारी नगरपालिका वडा नं. २ चेवामा समायोजन (मर्ज) गर्ने ।

खाँदबारी नगरपालिका, नगरकार्यपालिकाको निर्णय वा आदेश र अधिकारको प्रत्यायोजन (कार्यविधि) नियमावली २०७४, नियम ४ बमोजिम कार्यपालिका बैठकको निर्णय प्रमाणित

दीपकमणि घिमिरे

प्रमुख प्रशासकीय अधिकृत

समृद्ध खाँदबारी नगर'

# खाँदबारी नगरपालिका

खाँदबारी, सङ्खुवासभा, कोशी प्रदेश, नेपाल।

## नगरकार्यपालिकाको बैठक

बैठक मितिः २०८१/०४/२२ बैठक संख्याः ५१

बैठक प्रारम्भ समयः दिनको ११:०० बजे बैठक समापन समयः बजे

७. खाँदबारी नगरपालिका वडा नं. १ स्थित सोमनाथ घिमिरे स्मृति कभर्डहलको सञ्चालन तथा व्यवस्थापन सम्बन्धमा कार्यविधि तयार नभएकोले हाललाई कभर्डहल सञ्चालनसम्बन्धी सम्पूर्ण प्रशासनिक खर्च समेत दोश्रो पक्षले नै ब्यहोर्ने र नगरपालिकालाई मासिक रु.१०,०००।- भाडा उपलब्ध गराउने गरी जिल्ला ब्याडमिन्टन संघ सङ्खुवासभालाई सञ्चालनको जिम्मेवारी दिने।

८. खाँदबारी नगरपालिकाको देहायबमोजिम योजनाहरुको विस्तृत कार्ययोजना प्रतिवेदन (DPR) तयार गर्ने।

**देहायः**

क) सभाहल निर्माण कार्य

ख) औद्योगिकग्राम निर्माण कार्य

ग) मांसिमा देउराली खण्डको खानेपानी पाइपलाइन मर्मत कार्य

९. सङ्खुवासभा सदरमूकाममा रहने गरी कर्मचारी सञ्चय कोष र प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् (CTEVT) को कार्यालय राख्न सम्बन्धित निकायमा माग गर्ने।

१०. खाँदबारी नगरपालिका वडा नं. ९ स्थित मनकामनाधाम संरक्षणको लागि अरुण नदीमा तटबन्धन निर्माण गर्न सम्बन्धित निकायमा बजेट माग गर्ने तथा मनकामनाधाममा पर्यटन पूर्वाधार निर्माण तथा सामुदायिक भवन निर्माणको लागि चालू आ. व. मा विनियोजन भएको बजेटबाट लागत अनुमानबमोजिमको कार्य सम्पन्न गर्न बजेट अपुग हुने भएकोले उक्त योजनालाई बहुबर्षीय योजनाको रुपमा स्वीकृत गरी कार्यान्वयन गर्न सम्बन्धित निकायमा सिफारिस गर्ने।

**आगामी बैठक आवश्यकतानुसार बस्ने गरी आजको बैठक अन्त्य गरियो।**

खाँदबारी नगरपालिका, नगरकार्यपालिकाको निर्णय वा आदेश र अधिकारको प्रमाणीकरण (कार्यविधि) नियमावली २०७७, नियम ३ बमोजिम कार्यपालिका बैठकको निर्णय प्रमाणित

दीपकमणि घिमिरे
प्रमुख प्रशासकीय अधिकृत